# गोरखापत्र संस्थान

धर्मपथ, काठमाडौं

## सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**सूचना नं. ०४।०७६।७७**

**प्रथमपटक प्रकाशित मिति : २०७६।०७।२१ गते**

यस संस्थानको प्रदेशस्तरीय प्रकाशन कार्यालय विराटनगरलाई सिलबन्दी दरभाउपत्र फाराममा उल्लेख गरिएको स्पेसिफिकेशनबमोजिम Thermal प्रविधिको C to P Machine मा प्रयोग हुने Processless C to P Plate आवश्यक परेकोले सो सामान डोर डेलिभरी मूल्यमा सप्लाई गर्न चाहने इच्छुक रजिस्टर्ड फर्म वा कम्पनीहरूबाट सिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ।

१. सिलबन्दी दरभाउपत्र पेस गर्नको लागि संस्थानबाट बिक्री हुने दरभाउपत्र फाराम रु.१,०००।- (एक हजार फिर्ता नहुने गरी) तिरी संस्थानको खरिद शाखाबाट प्राप्त गर्न सकिनेछ।

२. सिलबन्दी दरभाउपत्रसाथ तपसिलमा उल्लेख भएको रकम (बिड सेक्युरिटी) वापत यस संस्थानको ने.बैं. लि. धर्मपथ, काठमाडौं अफिसस्थित चल्ती खाता नं. ००२००१००५०२४२५०००००१ मा नगद जम्मा गरी सोको सक्कल भौचर वा संस्थानको नाममा जम्मा गरेको १०५ दिनबराबरको "क" श्रेणीको बैंकको जमानतपत्र पेस गर्नुपर्नेछ।

३. दरभाउपत्र प्रथमपटक प्रकाशित भएको मितिले १५ दिनभित्र अर्थात् मिति २०७६।०८।०५ गते दिनको १२:०० बजेभित्र सिलबन्दी गरी खामको बाहिर Thermal प्रविधिको Processless C to P Plate सम्बन्धी दरभाउपत्र भनी श्रीमान् कार्यकारी अध्यक्षज्यू, गोरखापत्र संस्थान, धर्मपथ, काठमाडौं उल्लेख गरी यस संस्थानमा दर्ता गरी बुझाउनु पर्नेछ। दरभाउपत्र बुझाउने अन्तिम दिन तथा खोल्ने दिन बिदा परेमा सो कार्य त्यसको भोलिपल्ट हुनेछ।

४. इजाजतप्राप्त सप्लायर्स र फर्महरूले आफूले सामान उत्पादन गर्ने कम्पनी र ब्राण्डसमेत उल्लेख गर्नुपर्नेछ।

५. दरभाउपत्रमा कबोल गरेको रकम (भ्याटबाहेक) भनी अङ्क र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। अङ्क र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ। भ्याटबाहेक भनी उल्लेख नभएको प्रस्तावित रकमलाई भ्याटबाहेक मानिनेछ।

६. दरभाउपत्रदाताले दरभाउपत्रको साथमा फर्म दर्ताको प्रमाणपत्र, आयकर, मूल्य अभिवृद्धि कर नवीकरणसमेत भएको प्रमाणित प्रतिलिपि संलग्न राखी लाहाछाप लगाई बुझाउनु पर्नेछ। साथै आ.व. ०७४/०७५ सम्मको करचुक्ताको प्रमाणपत्रसमेत पेस गर्नुपर्नेछ।

७. प्राप्त दरभाउपत्रहरू सूचना अवधिको अन्तिम दिन अर्थात् २०७६/०८/०५ गते दिउँसो १:०० बजे संस्थानको बैठक कक्षमा दरभाउपत्रदाता वा निजका प्रतिनिधिहरूको उपस्थिति वा अनुपस्थितिमा पनि खोलिनेछ। उपस्थित प्रतिनिधि अख्तियारनामासहित उपस्थित हुनु पर्नेछ।

८. माथि जुनसुकै कुरा लेखिएको भएतापनि दरभाउपत्रदातालाई कुनै कारण जनाउ नदिइकन पनि दरभाउपत्र आंशिक वा पूरै मात्रामा स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस संस्थानसँग सुरक्षित रहनेछ।

९. स्वीकृत दरभाउपत्रदाताले दरभाउपत्र स्वीकृत भएको सूचना पाएको मितिले ७ दिनभित्रमा संस्थानमा उपस्थित भई सम्झौता गर्नुपर्नेछ। उक्त म्यादभित्र उपस्थित नभएमा वा सम्झौता नगरेमा निजको धरौटी रकम जफत गरी सामान खरिद गर्न अर्को व्यवस्था गरिनेछ। सम्झौता भएको १० देखि १५ दिनभित्र सामान आपूर्ति गरिसक्नु पर्नेछ।

१०. दरभाउपत्र स्वीकृत भई दरभाउपत्रदाताले दिएको सामानहरू संस्थानले माग गरेको स्पेसिफिकेशनअनुसारको नभएमा सो सामान संस्थानले दरभाउपत्रदातालाई फिर्ता गर्न सक्नेछ।

११. स्वीकृत दरभाउपत्रपत्रदाताले सम्झौता भईसकेपछि कबुलियतबमोजिमको सामान नबुझाएमा संस्थानले सम्झौता भङ्ग गरी धरौटी रकम जफत गर्नेछ। यसरी सामान उपलब्ध गर्दा सम्झौता गरिएको भन्दा जे-जति बढी पर्दछ सो बढी रकम दरभाउपत्रदातासँग असुलउपर गरिनेछ।

१२. दरभाउपत्रपत्रदाताले यस संस्थानबाट बिक्री गरेको दरभाउपत्र फाराममा मूल्य सूची, बोलपत्र जमानत, कार्य सम्पन्न आपूर्ति समय तालिका प्रष्टसंग उल्लेख गर्नुपर्नेछ।

१३. दरभाउपत्रदाताले आफू कालोसूचीमा नपरेको स्वः घोषित घोषणापत्र पेस गर्नुपर्नेछ।

१४. यस सूचनामा नपरेका अन्य विषयमा नेपाल सरकारको प्रचलित ऐन नियमबमोजिम हुनेछ।

**सिलबन्दी दरभाउपत्रको विवरण**

| सि.नं. | सामानको विवरण | परिमाण | पेस गर्नुपर्ने बोलपत्र जमानत रकम | बोलपत्र फाराम दस्तुर |
|---|---|---|---|---|
| १ | Processless C to P Plate (576×710 ×0.28mm) | ६५,०० थान | रु.५२,७००।- (बाउन्न हजार सात सय) | रु.१,०००।- (एक हजार) |

नोटः यो सूचना गोरखापत्र संस्थानको वेबसाइट www.gorkhapatraonline.com मा पनि हेर्न सकिनेछ।

**गोरखापत्र संस्थान**

खरिद शाखा, फोन नं. ४२४४४३७